# घर फर्किए दुई हजारबढी विदेशी नागरिक

■ सिबी अधिकारी

काठमाडौं । कोभिड –१९ को सम्भावित जोखिम हुन नदिन लकडाउन जारी रहेपछि नेपालमा रोकिएका दुई हजार ३७० विदेशी नागरिक स्वदेश फर्किएका छन् । पदयात्रालगायत विभिन्न सिलसिलामा यहाँ रहेका विदेशीलाई नेपाल पर्यटन बोर्डले सरोकारवाला निकायसँगको समन्वयमा काठमाडौँसम्म ल्याउन सहजीकरण गरेको थियो । यसरी स्वदेश फर्किएकामा जर्मनीका ९०७, फ्रान्सका ६०८, अमेरिकाका ३०२, अष्ट्रेलियाका २५६, डच नागरिक १२२, रेक रिपब्लिकनका १०२ र मलेसियाका ६६ जना रहेका छन् ।

काठमाडौँमा जम्मा भएका विदेशीलाई उनीहरुकै मुलुकले जहाज चार्टर्ड गरी लगेका हुन् । अहिले एक हजार ३७८ विदेशी नागरिक बोर्डको सम्पर्कमा आएका छन् । अन्य विदेशी कहाँ कति सङ्ख्यामा छन् भन्ने कुनैपनि निकायसँग विवरण नभएको बोर्डले जनाएको छ । बोर्डका प्रमुख कार्यकारी अधिकृत डा.धनन्जय रेग्मीले आइतबारसम्म दुई हजार ३७० विदेशी नागरिकको उद्धार गरी उनीहरुको मुलुक फर्काइएको बताए ।

हाँले देशका विभिन्न पर्यटकीय गन्तव्यमा रोकिएका एक हजार ७२१ जनालाई बोर्डले उद्धार गरी स्वदेश फर्कन सहजिकरण गरेको जानकारी दिए । विभिन्न मुलुकका नेपालस्थित दूतावासले परराष्ट्र मन्त्रालयसँगको समन्वयमा आफ्ना नागरिकलाई फिर्ता लगेका छन् ।

नेपालमा कति सङ्ख्यामा पर्यटक रोकिएका छन् भन्ने अझै यकिन विवरण आइनसकेको बोर्डले जनाएको छ । अध्यागमन विभागको मार्च २१ सम्मको तथ्याङ्क हेर्दा दुई हजार ५०० विदेशी नागरिक नेपाल आएका छन् । यीमध्ये एक हजार २०० स्वदेश फर्केको रेकर्ड छ । अन्य विदेशी नागरिकको अवस्थाबारे अध्ययन भइरहेको छ । नेपालमा कूटनीतिक मिसनका झण्डै पाँच हजार विदेशी नागरिक रहेको बोर्डको अनुमान छ । अन्य विदेशी नागरिक कहाँ कुन अवस्थामा छन् अहिले नै भन्न नसकिने सरोकारवाला निकाय बताउछन् । नेपालमा करिब १० हजार विदेशी नागरिकले प्रवेशाज्ञा (भीषा) थपेर बसेको बताइन्छ ।

कोभिड-१९ को जोखिम हुन नदिन सरकारले चैत ११ देखि २५ गतेसम्म देशभर लकडाउन गरेको अवधिमा विभिन्न परिस्थितिमा यहाँ रोकिएका विदेशी नागरिकको उद्धार गरी उनीहरुको मुलुक फर्काइएको हो । सरकारले गत चैत ९ गतेदेखि वैशाख ३ गतेसम्म मुलुकमा भित्रने सबै अन्तरराष्ट्रिय वायु सेवा कम्पनीको उडान बन्द गरेको छ । आन्तरिक उडान पनि बन्द गरिएको छ । यो अवस्थामा नेपालका विभिन्न पर्यटकीय गन्तब्यमा रोकिएका विदेशी पर्यटकलाई हवाई जहाजबाट उद्धार गरी काठमाडौँ ल्याइएको थियो । कतिपय विदेशीलाई सडकमार्ग भएर पनि ल्याइयो । पोखरा, चितवन, लुक्ला, मुस्ताङको जोमसोमलगायत गन्तब्यबाट पर्यटकलाई उद्धार गरिएको थियो । नेपालको आन्तरिक उडानमा रहेका वायु सेवा कम्पनीका जहाज मार्फत विदेशीको उद्धार गरिएको थियो ।

अन्तरराष्ट्रियतर्फ पनि निगमको वाइड बडी जहाजले अष्ट्रेलियाली र न्यूजील्याण्डका नागरिकलाई चार्टर्ड उडानमार्फत गन्तब्यमा लगेको थियो भने सबैभन्दा बढी कतार एयरवेजले विदेशी नागरिक बोकेको छ । उक्त कम्पनीको जहाजले युरोपेली मुलुक फ्रान्स, जर्मनीलगायत मुलुकका मात्र नभई तीन सयभन्दा बढी अमेरिकी नागरिकलाई पनि उनीहरुको देश पुऱ्याएको छ । पछिल्लो पटक हिजो चार देशले चार्टर्ड उडान गरी आफ्ना नागरिक लगे ।

लकडाउनको आज १३ औँ दिनको अवधिमा दिनहुँजसो अन्तरराष्ट्रिय चार्टड उडान भइरहेका छन् आज पनि अमेरिकाले अफ्ना ३०५ जना नागरिकलाई कतार एयरवेजको जहाज चार्टर्ड गरी स्वदेश लैजादैछ । नेपालमा रोकिएकामध्ये कतिपय विदेशीको प्रवेशाज्ञा अवधि सकिएको छ । त्यस्ता विदेशीसँग लकडाउनका कारण उनीहरुलाई घर फर्किन केही दिन ढिला भए कुनैपनि शुल्क नलिने सरकारले निर्णय गरेको थियो । तर पछिल्ला केही दिनको उडानमा घर फर्कने विदेशी नागरिकलाई अध्यागमनले ४५ अमेरिकीडलर जरिवाना लिएकोमा सम्बन्धित मुलुकका नागरिकले गुनासो गरेका छन् ।

हिजो मात्रै चेकरिपब्लिकनको नेपालस्थित वाणिज्यदूतले अतिरिक्त शुल्क लिएकोमा पर्यटन बोर्डसँग गुनासो गर्नुभएको बुझिएको छ । अध्यागमन विभागले भने लामो समयसम्म रहेका विदेशी नागरिकलाई प्रवेशाज्ञा दस्तुर मात्रै लिएको तर पेनाल्टी शूल्क नलिएको स्पष्ट पारेको छ ।

## सम्भावित...

व्यक्तिको सम्पर्कमा आएका सबै संक्रमित व्यक्तिको 'कन्ट्याक ट्रेसिङ' शुरु भइसकेको प्रवक्ता डा देवकोटाले बताए । शनिवार संक्रमण पुष्टि भएका सबै व्यक्तिको 'कन्ट्याक ट्रेसिङ' भइसकेको पनि डा देवकोटाले बताए ।

भक्तपुरको खरिपाटीमा क्वारेन्टाइनमा रहेका ९४ जनाको परीक्षण गरिएकामा सबैको रिपोर्ट 'नेगेटिभ' आएको छ । मन्त्रिपरिषद्ले स्वास्थ्यकर्मीको सुरक्षाका लागि सेवामा खटिएका व्यक्तिलाई बाधा वा विरोध गर्नेलाई कारवाहीको व्यवस्था गरेको थियो । यसले गर्दा कार्यरत सबै स्वास्थ्यकर्मीको थप मनोबल बढेको उनको भनाइ छ ।

क्वारेन्टाइन गुणस्तर मापदण्डानुसार सञ्चालन हुनुपर्नेमा प्रवक्ता डा देवकोटाले जोड दिए । यी क्वारेन्टाइनहरुको अनुगमन भइरहेको पनि उनले बताए । सबै अस्पतालले सेवा लिन आउने बिरामीलाई आकस्मिक सबै सेवा दिनुपर्ने उनले बताए । उनले भने, 'कुनै पनि समस्या लिएर आएका बिरामीले एक अस्पतालबाट अर्कोमा जाने अवस्था आउन दिनु हुँदैन ।'

विदेशबाट आएका व्यक्तिबाट उनको परिवारको सदस्यमा संक्रमण देखिएसँगै नेपालमा रोगले दोस्रो अवस्थामा प्रवेश गरेको उनले बताए । विदेशबाट आएका व्यक्ति क्वारेन्टाइनमा नबसी परिवारका सदस्यसँग सम्पर्कमा आउँदा संक्रमण फैलन सक्ने भन्दै उनले क्वारेन्टाइनमा बस्न अनुरोध गरे । उनले भने, 'संक्रमित व्यक्तिबाट संक्रमण परिवारका सदस्यमा सरेकाले पनि क्वारेइन्टाइन कति महत्वपूर्ण छ भनी देखिएको छ ।'

सरकारलाई नेपाल-भारत मानव विकास मैत्री संघले ३०० र एनएमबी ७०० थान पिपिई प्राप्त भएको उनले बताए । त्यसको गुणस्तर जाँच गरेर हरेक प्रदेशमा वितरण गरिने उनले जानकारी दिए ।

## माथिल्लो...

सबै उपाय अपनाएर बाहिरबाट प्रवेश गर्न नदिई भित्रकै कामदारलाई परिचालन गरी सञ्चालन गर्न दिने चैत २० गतेको निर्णयमा समावेश थियो ।

सोही निर्णयका आधारमा माथिल्लो तामाकोशीको काम जारी भएपनि अपेक्षाअनुसार काम गर्न भने लकडाउनका कारण समस्या देखिएको छ । आयोजनाको बाँध तथा बालुवा थिग्र्याउने पोखरीको यही चैत ३ गतेदेखि परीक्षण गरिएको थियो । परीक्षण सफल भएको छ । त्यसको समग्र पक्षको मूल्यांकन भने जारी नै छ । स्वदेशी लगानीमा निर्धाणाधीन आयोजनाको प्रमुख काम करिब सम्पन्न हुने चरणमा पुगेको भएपनि कोरोना कहरमा परेको छ । आयोजनाको जटिल मानिएको दुई वटा ठाडो सुरुङमा पाइप जडान गर्ने काममा भने अपेक्षित प्रगति नभएको हो । तर, कूल ६८३ मिटर लामो दुई वटा ठाडो सुरुङमध्ये कोरोना कहर देखिनु अघिसम्म कूल ४६३ मिटर पाइप जडान भइसकेको प्रवक्ता न्यौपानेको भनाइ छ । उनका अनुसार कूल ३१० मिटर लामो माथिल्लो ठाडो सुरुङमा १७५ मिटर पाइप जडान भएको छ । त्यसमा अब १३५ मिटर पाइप जडान गर्न बाँकी छ । यस्तै कूल ३७३ मिटर लामो तल्लो ठाडो सुरुङमध्ये कूल २९० मिटरमा पाइप जडान भएको छ । सो सुरुङमा अब ८३ मिटर पाइप जडान गर्न बाँकी रहेको छ । समग्रमा हेर्दा दुवै सुरुङको २२० मिटर पाइप जडान कार्य बाँकी छ ।

निर्माण व्यवसायी र कामदारलाई विश्वासमा लिएर पाइप जडानको कार्य जारी राख्ने प्रयासमा आयोजना रहेको छ । आयोजनाको केही सामान नेपाल भारत सीमा क्षेत्रमा आइपुगेको भएपनि लकडाउनका कारण आयोजना स्थलमा पुऱ्याउन समस्या पैदा भएको छ । 'बाटो सहज नभएका कारण ती सामान आयातमा जटिला देखिएको छ । कुनै उपाय लगाएर भएपनि सामान ल्याउने प्रयत्न भने जारी छ', प्रवक्ता न्यौपानेले भने । आगामी असारभित्र आयोजनाको पहिलो युनिट सञ्चालन गर्ने लक्ष्यका साथ काम भइरहेको छ । मुख्य सुरुङमा अन्तिम चरणको ढलान सम्पन्न हुनै लागेको छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आगामी वैशाखभित्र ठाडो सुरुङमा पाइप जडानको कार्य सम्पन्न गर्न गत फागुन १४ गते आयोजनास्थल पुगेर निर्देशन दिएका थिए । कोरोनाको त्रासका कारण सो समयभित्र काम सम्पन्न हुने वा नहुने भन्नेमा भने आयोजनाले तत्कालै केही भन्ने अवस्था छैन । आगामी असारभित्र सबै बाँकी काम पूरा गरेर पहिलो युनिट सञ्चालन गर्ने तयारी गरिएको छ । पहिलो युनिट सञ्चालनमा आएपछि क्रमशः अन्य युनिट पनि राष्ट्रिय प्रणालीमा जडान गर्दै जाने लक्ष्य राखिएको छ ।

आयोजनाका अनुसार माथिल्लो र तल्लो ठाडो सुरुङमा १० मिटरका दुई वटा पाइप जडान गर्न क्रमशः सात र पाँच दिनमा आइसकेकाले कुनै प्राविधिक समस्या नआएमा वैशाखभित्रमा पाइप जडान भइसक्ने आयोजनाले बताएको छ । त्यसपछि माथिल्लो र तल्लो ठाडो सुरुङको बीचमा रहेको तेस्रो भागमा पाइप जडान शुरु हुने र त्यसका लागि करिब साढे एक महिना लाग्ने छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक एवं माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेडका अध्यक्ष घिसिङले गत फागुन १४ गते निर्माणस्थलको निरीक्षण गरी आयोजनाका पदाधिकारी, परामर्शदाता, तीन वटै ठेकेदारसँग संयुक्तरूपमा निर्माण सम्पन्न हुने कार्यतालिका बारेमा छलफल गरेका थिए । ठेकेदार कम्पनीले आफ्नो तालिकाअनुसार काम गर्ने प्रतिबद्धता जनाएका छन् । कार्यकारी निर्देशक घिसिङले आगामी असारभित्र कम्तीमा पनि एउटा युनिटबाट विद्युत् उत्पादन गर्ने कार्यतालिका बनाई त्यसअनुसार व्यवस्थापनमा सुधार गरी कार्यसम्पादन गर्न निर्देशन दिएका थिए । पहिलो युनिटबाट कूल ७६ मेगावाट विद्युत् उत्पादन हुनेछ ।

निर्माण सम्पन्न हुने समय तालिकामा प्रधानमन्त्री केपी शर्मा ओली, ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनलगायतको गम्भीर चासो छ । विशेषगरी आयोजनाको लट-२ को ठेकेदारले पनि विगतमा भन्दा काममा केही सुधार गरेको छ । पेनस्टक पाइप आपूर्ति तथा जडानको ठेक्का पाएको भारतीय कम्पनी टेक्सम्याकोले काम गर्न ढिलाइ गरेपछि तल्लो ठाडो सुरुङमा पाइप जडानको जिम्मा इलेक्ट्रोमेकानिकलको ठेकदार अष्ट्रियन कम्पनी एन्ड्रिज हाइड्रोलाई दिइएको छ ।

अपर तामाकोशी हाइड्रोपावर लिमिटेड, टेक्सम्याको र एन्ड्रिजबीच २०७५ पुस २३ मा आयोजनालाई थप वित्तीय भार नपर्ने गरी यो काम गर्न त्रिपक्षीय सम्झौता भएको थियो । माथिल्लो ठाडो सुरुङमा पाइप जडान भने टेक्सम्याकोले नै गरिरहेको छ । कार्यकारी निर्देशक घिसिङले आयोजनास्थलबाटै भारतमा रहेका टेक्सम्याकोका प्रमुखलाई फोन गरी निर्माणमा ढिलाइ नगरिदिन आग्रह गरेका थिए । केही महिनाअघि ऊर्जा जलस्रोत तथा सिँचाइ सचिव दिनेशकुमार घिसिङ, कार्यकारी निर्देशक घिसिङ, माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेका प्रमुख कार्यकारी अधिकृत विज्ञानप्रसाद श्रेष्ठसहितको टोलीले कोलकातास्थित टेक्सम्याकोको मुख्यालय गई कम्पनीको उच्च व्यवस्थापनलाई भेटेर निर्माणमा तीव्रता दिन आग्रह गरेको थियो ।

आयोजनाको सिभिल कार्यअन्तर्गत मुख्य सुरुङमा ग्राउटिङ र कंक्रिटिङ गर्ने काम सम्पन्न हुने चरणमा छ । मुख्य सुरुङमा जाने प्रवेश सुरुङमा गेट राख्ने तयारी भइरहेको छ । विद्युत् गृहका सम्पूर्ण उपकरण जडान भई तयारी अवस्थामा छन् । प्रसारण लाइनको १२७ टावर निर्माण र ४७ किलोमिटर तार टाङ्ने कार्य सम्पन्न भएको छ । रामेछापको खिम्तीमा निर्माण भइरहेको न्यू खिम्ती २२० केभी सबस्टेशनको सिभिलतर्फका काम अन्तिम चरणमा पुगेको छ । उपकरणहरु जडान गरी चार महिनाभित्रमा सबस्टेसन सञ्चालनमा ल्याउन लक्ष्यका साथ काम भइरहेको छ ।

## तरकारीमा...

हो कि भन्ने चिन्ता भएकाले जति मुल्य भएपनि किन्ने गरेका छन् । मूल्यभन्दा पनि जोहो गर्नमै उपभोक्ता व्यस्त भएकाले व्यापारीले मुल्य आफुखुशी बढाएका हुन् ।

काठमाडौंको लागि तरकारीको थोक बिक्रेता कालीमाटी फलफूल तथा तरकारी बजारमा भने लकडाउनपछि तरकारीको भाउ सस्तिँदै गएको छ । कालीमाटी बजारको भाउ र उपत्यकाका खुद्रा तरकारी बजारको भाउ तुलना गर्दा निकै फरक भेटिन्छ । मुलुकभर लकडाउनका अवस्था भए पनि तरकारीको आपूर्ति नियमित रुपमा भइरहेको छ । सामान्य अवस्थाभन्दा आधा आपूर्ति भइरहेको भए पनि निरन्तर भइरहेको छ । पछिल्लो साता औसतमा ४ सयदेखि साढे ४ सय टन तरकारी आपूर्ति भइरहेको कालिमाटी बजार समितिले जनाएको छ । यो सामान्य अस्थाभन्दा आधा हो । आपूर्ति भइरहेको तरकारीमध्ये ७५ प्रतिशत काठमाडौं वरिपरिका जिल्लाबाट आएको छ भने बाँकी भारतबाट आएको हो ।

कालीमाटी बजारको मूल्य विवरणअनुसार मुलुकमा लकडाउन सुरु हुनुभन्दा अघि र आइतबारको मूल्य तुलना गर्दा ७० प्रतिशतसम्म सस्तिएको देखिन्छ । चैत ११ गतेदेखि मुलुकमा लकडाउन सुरु भएको थियो । त्यसको ठीक अघिल्लो दिन चैत १० गते बोडीको मूल्य थोकमा प्रतिकिलो १ सय ३५ रुपैयाँ थियो । जुन तरकारी आइतबार प्रतिकिलो ४५ रुपैयाँमा झरेको छ । यस हिसाबले हेर्दा यसको मूल्य ६७ प्रतिशतले मूल्य घटेको छ ।

भन्टा लाम्चो प्रतिकिलो ५५ बाट २२, घिउ सिमी (लोकल) ४२ बाट २२, घिरौला ९८ बाट ५५, ब्रोकाउली ४८ बाट ३३ रुपैया, हरियो फर्सी २८ बाट १८ रुपैयाँमा झरेको छ । तर, बजारमा भने भाउ निक्कै बढेको छ । कागतीको एउटाको मुल्य अहिले बजारमा २० रुपैयाँ पर्न थालेको छ । केही तरकारी भने कालिमाटी मै मंहगो भएको छ । बन्दा १९ रुपैयाँबाट २२, रायो, पालुंगो, चमसुरलगायतका साग २२ बाट २८ रुपैयाँ भएको छ । अदुवा १२५ बाट १५५, कागती १३५ बाट ३४५, आलु रातो ३४ बाट ३६ पुगेको कालीमाटी बजारको विवरणमा उल्लेख छ ।

## जोखिममा...

कोष खडा गरेर सरकारका तर्फबाट ४० करोड जम्मा गरेको छ ।' उनले कोरोनाको उपचारका लागि सेती प्रादेशिक अस्पताल धनगढीलाई विषेश अस्पताल घोषणा गर्नुका साथै महाकाली प्रादेशिक अस्पताल, जिल्ला अस्पताल, स्वास्थ्य कार्यालयलाई कोरोनाको उपचार व्यवस्थापनका लागि आवश्यक रकम व्यवस्था गरिएको बताए ।

मुख्यमन्त्री भट्टले अहिले उत्पन्न जटिल अवस्थाका कारण दैनिक ज्यालादारी गरी खाने र असहाय व्यक्तिको जीवनयापनका लागि सरकारले राहत प्याकेज उपलब्ध गराउन पहल गरिएको बताए । उनले तोकिएको अवधिभर लकडाउनलाई पूर्णरुपमा पालना गर्न प्रदेशवासीसमक्ष अपिल गरेका छन् ।

## ५० हजार...

यस्तै बैठकले क्वारेन्टाइनमा १४ दिन बसेकाहरुको स्वास्थ्य परीक्षण गरेर मात्रै घर जान दिने निर्णय गरेको छ । स्वास्थ्य परीक्षण गर्दा कोरोनाको मिल्दोजुल्दो लक्षण देखिए उनीहरुलाई आइसोलेसनमा राखिने सचिव विडारीले जानकारी दिए । त्यसैगरी राहत वितरणका सम्बन्धमा पनि सरकारले छुट्टै कार्यविधि बनाउने भएको छ । ठूलो समूह भएर राहत वितरणमा जाँदा संक्रमणको जोखिम बढ्ने भएकाले राहत वितरण टोली धेरै बनाउने र टोलीमा संख्या कम गर्ने गरी व्यवस्था मिलाइने भएको छ ।


**काठ दाउरा वोलपत्रद्धारा लिलाम विक्रिको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७६।१२।२४**

श्री बेताल सा.व.उ.स. भागेश्वर गाउँपालिका-३, सतिगाउँ, डडेल्धुराको वनवाट आ.व. २०७६।०७७ मा उत्पादन भई भागेश्वर गा.पा.-३, रुपाल सडक डडेल्धुरामा घाटगद्दि गरी राखिएको सल्लो प्रजातिको ग्रेड 'ए' को गोलिया काठ थान ८९ को १५७८.७५ क्यु फिट, ग्रेड 'बी' को गोलिया काठ थान २३४ को २३५१.५१ क्यु फिट गरि जम्मा गोलिया काठ थान ३२३ को ३९२०.२६ क्यु फिट काठ जे-जस्तो अबस्थामा छ सोहि अबस्थामा आफनै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम विक्रि गर्नंपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक ब्यक्ति संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र खरिद गरि २२ औं दिनमा दाखिल गर्न आहवान गरिन्छ । पुर्ण ब्यहोराको सूचना यस सा.ब.उ. समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री बेताल सा.व.उ.स. भागेश्वर गाउँपालिका-३, डडेल्धुरा**

**काठ दाउरा वोलपत्रद्धारा लिलाम विक्रिको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७६।१२।२४**

श्री असिग्राम सा.व.उ.स. भागेश्वर गाउँपालिका-४, डडेल्धुराको वनवाट आ.व. २०७६।०७७ मा उत्पादन भई भागेश्वर गा.पा.-३, रुपाल सडक डडेल्धुरामा घाटगद्दि गरी राखिएको सल्लो प्रजातिको ग्रेड 'ए' को गोलिया काठ थान ९० को १५०६.३३ क्यु फिट, ग्रेड 'बी' को गोलिया काठ थान २०२ को १८५१.३० क्यु फिट गरि जम्मा गोलिया काठ थान २९२ को ३३५७.६३ क्यु फिट काठ जे-जस्तो अबस्थामा छ सोहि अबस्थामा आफनै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम विक्रि गर्नंपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक ब्यक्ति संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र खरिद गरि २२ औं दिनमा दाखिल गर्न आहवान गरिन्छ । पुर्ण ब्यहोराको सूचना यस सा.ब.उ. समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री असिग्राम सा.व.उ.स. भागेश्वर गाउँपालिका-४, डडेल्धुरा**

**Pancheshwor Rural Municipality**

Office of Rural Municipal Executive

Aamchaura, Baitadi

**INVITATION FOR BIDS**

**Date of Publication: 2076/12/24 (6th April 2020)**

1. Pancheshwor Rural Municipality, Office of Rural Municipal Executive, Aamchaura, Baitadi invites Electronic Bids through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** from eligible bidders for procurement of following works under National Competitive Bidding procedure.

| Contract No. | Descriptions of Works | Estimated Amount( Excluding VAT and Contingencies) | Minimum Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| WB-03/2076/077 | Construction of Ward Office Building, Ward-2 | NRs.1,16,31,250.55 | NRs.3,00,000.00 | NRs. 3,000.00 |
| WB-04/2076/077 | Construction of Ward Office Building, Ward-5 | NRs.1,16,31,250.55 | NRs.3,00,000.00 | NRs. 3,000.00 |
| RC-05/2076/077 | Kulau- Paladi-Dharmaghat Road Construction | NRs. 44,97,113.01 | NRs.1,20,000.00 | NRs. 3,000.00 |
| RC-06/2076/077 | Mada to Bagrethi Road Construction | NRs. 43,33,292.79 | NRs.1,10,000.00 | NRs. 3,000.00 |
| RC-07/2076/077 | Gwallek Road Construction | NRs. 51,91,218.86 | NRs.1,30,000.00 | NRs. 3,000.00 |

| Submission of Bid | | Opening of Bid | | | |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Revenue A/C No for Bid Document Fee | 7601017500001 |
| 2077/01/23 (5th May 2020) | 12:00 Noon | 2077/01/23 (5th May 2020) | 14:00 PM | Deposit A/C No for Bid Security Amount | 7601017500005 |
| | | | | Bank Name and Address | Nabil Bank, Pancheshwor Branch, Kulau, Baitadi |
| | | | | Office Name (A/C Name) | Pancheshwor Rural Municipality, Office of Rural Municipal Executive, Aamchaura, Baitadi |

Deadline for Bid Submission and Opening Details:

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Pancheshwor Rural Municipality Office, Aamchaura, Baitadi, Email: ito.pancheshwormun@gmail.com, Phone No:9848719246 or may visit PPMO e-GP website, www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**